# किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१ माघ ०९ गतेको बैठकको निर्णय ।

१. गाउँपालिका गाउँकार्यापालिकाबाट भएको निर्णयहरु, विषयगत शाखा र वडा कार्यालयहरुबाट भएको निर्णय तथा दैनिक सेवा प्रवाहमा भएको आ.ब.२०८१/८२ को दोस्रो त्रैमासिक कार्य प्रगति माथी छलफल गरी समिक्षा गरियो ।

२. गत महिना मिति २०८१/०९/२६ गतेको बैठकबाट निर्णय भएको ६ वटा निर्णयहरुको समिक्षा ।

३. प्रदेश सशर्तबाट आ.ब.२०८१/०८२ मा कृषि उपजको भण्डारण (कोल्ड चेम्बर)कार्यक्रम संचालनको लागि बागमती प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यन्वयन कार्यविधि,२०८१ अनुसार सञ्चालन गर्न दफा ७ अनुसार तपसिल अनुसारको मापदण्डका आधारमा सहकारी र समूह लाई साझेदारको रुपमा सूचना प्रकाशित गरी छनोट गर्ने ।

४. किस्पाङ गाउँपालिकाको साना सिंचाई कार्यक्रम संचालन कार्यविधि,२०७९संशोधनको लागि विधायन समितिबाट पेश भई अनुसार संशोधन प्रस्तावलाई स्वीकृत गर्ने ।

५. संघीय सशर्त कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजन अन्तर्गत चालु आ.ब.२०८१/८२ मा नयाँ आलु पकेट विकास कार्यक्रम संचालनको लागि किस्पाङ गाउँपालिका वडा नं. ४ साल्मेलाई पकेट क्षेत्र तोक्ने ।

६. किस्पाङ गाउँपालिका ३ नं. वडामा समुदायमा आधारित एक वडा एक उत्पादन अन्तर्गत कफि बाली छनोट भई कार्यक्रम समेत सन्चालनमा रहेकोमा लागत साझेदारीको लागि रु.३,००,०००।(तीन लाख) मा रु.२,००,०००।(दुई लाख) थप गरी रु.५,००,००० (पाँच लाख) गाउँपालिकाको तर्फबाट लागत साझेदारी गर्ने र उक्तको दुई लाख रकमको स्रोत आगामी गाउँसभाबाट सुनिश्चित गराउने निर्णय ।

७. किस्पाङ बहु प्राविधिक शिक्षालय निर्माणाधिन भवनको दायित्व भुक्तानी रु. २५,५९,०००। भुक्तानी गर्नु पर्नेमा आ.ब.२०८१/८२ को स्वीकृत बजेट तथा कार्यक्रममा रु.२५,००,०००। मात्र विनियोजित भएकोले **बिबिध दायित्व किस्पाङ गाउँपालिका शिर्षकबाट** भुक्तानी भएकोले नपुग रकम रु.५९,०००। अनुमोदन गर्ने ।

८. गाउँपालिका भित्र अपाङ्गता भएको ब्यक्तिको प्रारम्भिक पहिचान गरि परिचय नभएको/अध्यावधिक नभएका ब्यक्तिहरुको लागत संकलन गरी परिचय पत्र वितरण गर्न सबै वडाहरुमा शिविर संचालन गर्न लागि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालय निर्देशन दिने र शिक्षा शाखाबाट बालशिक्षा देखी कक्षा ३ सम्मको विद्यार्थीहरुको प्रारम्भिक आपाङ्गता पहिचान, चेकजाँच तथा उपचार कार्यक्रममा आवश्यक समन्वय र सहजिकरण गर्ने ।

९. किस्पाङ बहु प्राविधिक शिक्षालयको निर्माणाधिन भवनको सुरक्षाको लागि वाल निर्माण प्रयोजनको लागि किस्पाङ बहु प्राविधिक शिक्षालय संचालन तथा ब्यवस्थापन बजेट शिर्षकबाट खर्च लेख्ने गरी रु.५,००,०००( पाँच लाख)बाट खर्च नबढने गरी निर्माण प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।